# प्रधानमन्त्रीलाई द्वन्द्वपीडितको खुला–पत्र

मितिः २०८२ वैशाख १८,

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली ज्यू,
सिंहदरवार, काठमाण्डौ ।

संक्रमणकालीन न्याय पदाधिकारी छनौट प्रक्रिया बारेमा सम्माननीय प्रधानमन्त्री ज्यूलाई स्पष्ट सन्देश संप्रेषण गर्नका लागि मुलुकभरीका हजारौं लाखौं द्वन्द्वपीडितको आवाजलाई प्रतिनिधित्व गर्ने संस्थाहरूको तर्फबाट हामी यो खुला पत्र लेखेका छौं ।

समितिले अवलम्बन गरेको छनौट प्रक्रियाको पारदर्शिता र विश्वसनीयताबारेमा किंचित पनि हामी विश्वस्त हुन नसकी हामीले सामूहिक रूपमा राख्दै आएको गम्भीर सरोकार र चिन्ताप्रति असहिष्णु र वेसरोकार बनेको समितिले पदाधिकारीको नियुक्तिका लागि सिफारिस गरेको भन्ने समाचारहरू मिडियामार्फत सार्वजनिक भएका छन् । त्यसप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

हामीसँगको परामर्श र प्रक्रियामा हाम्रो सहभागिताका लागि अर्थपूर्ण अवसर नदिईकन, संक्रमणकालीन न्यायको जिम्मेवारी बहन गर्न सक्ने उम्मेदवारको खोज गर्ने कुनै प्रयत्न नगरीकन, उम्मेदवारहरूको उपयुक्तताको वस्तुगत मूल्याङ्कन विना, उम्मेदवारहरूको प्रस्तुतीकरणलाई गोप्य राखेर, खुलामखुला तीनदलीय भागबण्डाको आधारमा गरिएको सिफारिस र त्यसका आधारमा हुने नियुक्तिप्रति कुनै हालतमा पनि हाम्रो स्वामित्व र अपनत्व नरहने कुरा सविनय दोहो¥याउन चाहन्छौं । यसबारेमा प्रधानमन्त्रीज्यूमा कुनै भ्रम नरहोस् ।

हाम्रो आत्मसम्मानमा ठेस पु¥याएर हामीमाथि जबर्जस्ती 'खाए खा नखाए घीच'को शैलीमा लादिने कुनै पनि निर्णय हाम्रो लागि स्वीकार्य हुँदैन । लोकतान्त्रिक गणतन्त्र हाम्रो बलिदानी र योगदानका कारण स्थापित भएको हो र यस प्रणाली अन्तर्गत हामी पनि सार्वभौम अधिकारसम्पन्न नागरिक हौं । के हाम्रो हितमा हुन्छ र के हुँदैन भन्ने हामीलाई राम्रोसँग जानकारी छ ।

शान्ति सम्झौतामार्फत गरिएको संक्रमणकालीन न्यायको संकल्पलाई के–कति कारणले आजसम्म अड्काएर राखियो र फेरि पनि निर्देशित र कर्मकाण्डीय रूपमा कुन दिशामा कसरी अगाडि बढाइँदैछ भन्ने कुरा विश्लेषण गर्न सक्ने क्षमता हामीसँग पनि छ । विगतको गति, मति र प्रवृत्तिलाई हेरेर समितिको विश्वसनीयताबारे आशंका गर्ने थुप्रै कारणहरू हुँदा–हँुदै पनि हामीले समितिलाई शंकाको सुविधा दिएको हो । प्रारम्भिक सूची सार्वजनिक हुँदासम्म पनि आशावादी भएर प्रक्रियालाई सहयोग गरेको हो ।

उम्मेदवारको उपयुक्तताको वस्तुगत मूल्याङ्कन विना हठात् रूपमा संक्षिप्त सूची बाहिर ल्याएपछि त्यसलाई आधार कारण सहित सच्याउनका लागि हामीले गरेको आह्वानलाई समितिले लत्यायो । एकपटक बसेर परामर्श तथा छलफल गर्न पनि आवश्यक ठानेन । समग्र संक्रमणकालीन न्याय प्रक्रिया पीडित केन्द्रित हुनु पर्ने मान्यतालाई आत्मसात गर्न आवश्यक ठानेन, न सरकारका तर्फबाट नै कुनै पहल भयो ।

वर्षौंदेखि सत्य, न्याय र परिपूरणको बेग्र पर्खामा रहेका र संघर्षमय स्थितिबाट गुज्रेका हामी द्वन्द्वपीडित, समितिको व्यवहारले अपमानित अनुभूति गरेका छौं । सोही समितिको हठात सिफारिसमा पदाधिकारी नियुक्त गरेर हामी

द्वन्द्वपीडितप्रति समितिले दर्शाएको अपमान, तिरस्कार र उपेक्षालाई गहिर्याउने काम सरकारबाट नहोस् भन्ने प्रधानमन्त्रीज्यूसँग हामी अन्तिम आग्रह गर्दैछौं ।

मानवीय मर्यादा र नागरिक स्वतन्त्रताका लागि जेलनेल भोगेको र पटक–पटक सरकारप्रमुखको जिम्मेवारी वहन गरिसकेको र सशस्त्र द्वन्द्व र त्यसको दुस्प्रभावलाई नजिकबाट नियालेको एउटा परिपक्व राजनीतिज्ञले द्वन्द्वपीडित समुदायप्रति अभिभावकीय दृष्टि राख्नुहुनेछ र हामीलाई चरम निराशाको स्थितिमा पु¥याउनु हुने छैन, नागरिक आयोग गठन गर्ने लगायतका अन्य विकल्प अपनाउन बाध्य पार्नुहुने छैन, वार्ता, संवाद र परामर्शका आधारमा यथार्थमा नै पीडित केन्द्रित प्रक्रियाबाट संक्रमणकालीन न्यायको अभिभारा टुंग्याउने दिशामा आवश्यक कदम चाल्नुहुनेछ भन्ने विश्वास र भरोसा पनि यसै पत्रमार्फत व्यक्त गर्न चाहन्छौं ।

यस विषयमा प्रधानमन्त्रीज्यू, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा एवं नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई केही समयअघि भेटैरै हाम्रो यही चिन्ता र सरोकार अवगत गराएको तथ्य पनि स्मरण गराउन चाहन्छौं । भेटघाटका लागि अमूल्य समय उपलब्ध गराएकोमा हामी प्रधानमन्त्रीज्यू समक्ष आभारी पनि छौं ।

साथै, पछिल्लो समयमा संक्रमणकालीन न्याय आयोगहरूका पदाधिकारी छनौट प्रक्रिया सही ढंगले अगाडि नबढेको र यस किसिमले नियुक्त हुने पदाधिकारीमार्फत फेरि पनि पार नलाग्ने र विगत दोहोरिने अनुभूति हामीलाई मात्रै भएको होइन । यस सन्दर्भमा राष्ट्रिय स्तरका दश मानवअधिकार संघसंस्थाहरूले समेत संयुक्त रूपमा आह्वान गरी छनौट प्रक्रियाका गम्भीर खराबीहरू हटाउन र पीडित केन्द्रित भएर पारदर्शिता र विश्वसनीयता सुनिश्चित गर्न आह्वान गरेको स्मरण गराउन चाहन्छौं ।

त्यति मात्र नभई एम्नेस्टी इन्टरनेशनल, ह्युमन राइट्स वाच र इन्टरनेशनल कमिशन अफ् ज्युरिस्ट्स जस्ता संस्थाहरूले पनि प्रक्रियाको विश्वसनीयताप्रति गम्भीर प्रश्न उठाएर त्यसलाई सच्याएर विश्वसनीय नियुक्तिलाई सुनिश्चित गर्न आह्वान गरिसकेको स्थिति पनि सम्माननीयज्यूलाई अवगत गराउन चाहन्छौं । कतिपय राष्ट्रिय स्तरका मिडियाबाट समेत सम्पादकीय धारणा राखी पीडित समुदायको सरोकारलाई सम्बोधन गर्न आह्वान गरिएको अवस्था छ ।

***प्रधानमन्त्रीलाइ खुल्लापत्र पठाउने द्वन्द्व पीडित संघसंस्था, संजाल तथा द्वन्द पीडितहरु***

*१. द्वन्द्व पीडित साझा चौतारी, महासचिव, उदय शाह*
*२. द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल, अध्यक्ष, गीता रसाइली*
*३. गम्भीर मानब अधिकार उल्लङ्घनका पीडितहरुको राष्ट्रिय संजाल, अध्यक्ष, राम कुमार भण्डारी*
*४. अपांगता भएका द्वन्द्व पीडितहरूको राष्ट्रिय सञ्जाल, अध्यक्ष, सुरेन्द्र खत्री*
*५. द्वन्द्व पीडित राष्ट्रिय सञ्जाल, अध्यक्ष, गोपाल बहादुर शाह*
*६. देबी खड्का, सल्लाहकार, अपराजिता फाउन्डेसन*
*७. गुरु लुइँटेल अध्ययन तथा बिकास केन्द्र, अध्यक्ष, फडिन्द्र लुइँटेल*
*८. सृजना श्रेष्ठ, संस्थापक अध्यक्ष, द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल*
*९. शुसीला चौधरी, द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल, महासचिव*
*१०. सुमन अधिकारी, द्वन्द्व पीडित साझा चौतारी, संस्थापक अध्यक्ष*
*११. बेपत्ता परिवार समाज नेपाल, अध्यक्ष, रुपेश शाह*
*१२. राष्ट्रिय स्मृति सञ्जाल, अध्यक्ष, निरञ्जन कुमार चौधरी*
*१३. माओवादी पीडित राष्ट्रिय संघर्ष समिति, नेपाल, अध्यक्ष कल्याण बुढाथोकी*

१४. द्वन्द्व प्रभावित सरोकार केन्द्र, दाङ, अध्यक्ष, चन्द्र बहादुर चौधरी
१५. न्यायका लागि द्वन्द्वपीडित समाज, अध्यक्ष रमिला जोशी
१६. अपराजिता फाउन्डेसन, अध्यक्ष, सोनिया चौधरी
१७. नेपाल माओवादी पीडित संघ, अध्यक्ष धर्मराज न्यौपाने
१८. द्वन्द्व व्यवस्थापन तथा विस्थापित सरोकार केन्द्र, महासचिव, मोहन परियार
१९. शहिद तथा बेपत्ता स्मृति प्रतिष्ठान, अध्यक्ष, दयासागर घिमिरे
२०. द्वन्द्वपीडित अपांग संघ, दोलखा, अध्यक्ष कृष्ण बहादुर घिसिङ
२१. बाँदरमुढे घटनापीडित सरोकार समिति, उपाध्यक्ष, कृष्ण अधिकारी
२२. द्वन्द्वपीडित स्वरोजगार तथा सीपमूलक तालिम केन्द्र, मोरङ, अध्यक्ष, भीम बहादुर राउत
२३. बेपत्ता परिवार समाज नेपाल, सुनसरी,सचिव, इन्द्रकला राई शाह
२४. झापाली बेपत्ता स्मृति स्तम्भ पार्क, अध्यक्ष, डिल्लीप्रसाद रिजाल
२५. द्वन्द्वपीडित टुहुरा समाज, संस्थापक अध्यक्ष, केपी अधिकारी
२६. सामाजिक न्याय समिति नेपाल, अध्यक्ष, बिष्णुमणि भण्डारी
२७. द्वन्द्वपीडित अधिकार मञ्च म्याग्दी   अध्यक्ष भिम बहादुर रिजाल
२८. द्वन्द्वपीडित कृषक हकहित संरक्षण समाज कैलाली, अध्यक्ष गणेश बहादुर मल्ल
२९. द्वन्द्वपीडित महिला राष्ट्रिय संजाल, म्याग्दी, अध्यक्ष देवी कुमारी केसी
३०. द्वन्द्वपीडित तथा एकता विकास केन्द्र, अध्यक्ष सीता बोहरा, धनगढी
३१. बेपत्ता परिवार राष्ट्रिय संजाल, अध्यक्ष, रत्न घिमिरे
३२. द्वन्द्वपीडित शिक्षक समाज अध्यक्ष हिरा तिवारी
३३. द्वन्द्वपीडित राष्ट्रिय समाज सचिव, ज्ञानेन्द्र आरण
३४. द्वन्द पीडित समाज कोशी प्रदेश, अध्यक्ष, रुपेश शाह
३५. साबित्रि  खड्का, सचिव, द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल
३६. द्धन्द्धपीडित महिला सञ्जाल नवलपुर, अध्यक्ष, पार्वती सिग्देल
३७. बेपत्ता योद्दा समाज, महासचिब, नवराज ढुंगाना
३८. द्वन्द्व पिडित अधिकार मञ्च म्याग्दी, अध्यक्ष
३९. मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समुह, महासचिव, प्रदिप अधिकारी

**आवश्यक सम्पर्क**

सृजना श्रेष्ठ : ९८४१४८५३६४
सुरेन्द्र खत्री; ९८५७६२८५५६
गोपाल शाह : ९८५११३३८८६
फडिन्द्र लुइँटेल : ९८५११०७६७९
सुमन अधिकारी : ९८४१४५४६२४
गीता रसाइली ; ९८५११६४४२५
शुशिला चौधरी : ९८५७८२१५५१
देबी खड्का ; ९८५११२६६२७
राम भण्डारी : ९८५११२३१०४